# देवघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल

प.सं.: ०७६/७७
च.नं.: १५०५

मितिः २०७७/०३/१०

**समस्त गाउँवासीमा विशेष अपिल**

आधुनिक मानव सभ्यतालाई चुनौती दिने विश्व महामारीको रूपमा फैलिएको कोभिड-१९ रोग हाम्रो घर-आँगनमा समेत प्रवेश गरिसकेको परिप्रेक्ष्यलाई ध्यानमा राख्दै सम्पूर्ण देवघाटवासी महानुभावहरूमा म हार्दिक अपिल गर्दछु ।

मानव-जातिलाई नै चुनौती दिने रोग भएका कारण सम्पूर्ण चेतनशील हामी मानवहरूको संयुक्त प्रयासबाट नै यस रोगलाई न्यूनीकरण गर्न सकिन्छ ।

हाम्रा पूर्वजहरूको कथन अनुसार महामारीका रोगहरू, जस्तैः हैजा, औलो, खबटे र कुष्ठरोगजस्ता सरुवा रोगहरू फैलिएर सारा गाउँ सखाप भएका थिए भन्ने सुनिन्छ । मूलबाटोमा भाँजो हाल्ने, रोग लागेको गाउँतिर फर्केर थुक्यो भने रोग सर्छ भन्ने, झाडा, पखाला, हैजा लागेमा पानी सम्म पनि खान हुँदैन भन्ने, महामारी रोग लागि नै हालेमा पनि ओढारमा लगी छोडिदिने र टाढैबाट कुकुरलाई जस्तो खाना लगिदिने, मरेको छ कि छैन भनी दिनदिनै नियाल्ने र मरी नै हालेमा घिसारेर नजिकैको भीरमा लगी खसाली दिनेजस्ता आङ नै सिरिङ्ग हुने अमानवीय व्यवहार त्यतिबेलाको समय परिस्थिति अनुसार सामान्यजस्तै मानिन्थे, किनकि त्यतिबेला मेडिकल, डाक्टर, औषधी नर्स केही पनि थिएनन् । आज हामीकहाँ समय त बदलिएको छ, तर पनि हाम्रो सोचविचार र व्यवहारको अवस्था लगभग महामारी लागेको उतिबेलाको जस्तै छ ।

हाम्रा पितापुर्खाले विगतमा गरे-व्यहोरेजस्तै दानवीय व्यवहार कोभिड– १९को सङ्क्रमणबाट गुजिइरहेका दाजुभाइ, दिदीबहिनीहरूका साथमा हामीमध्ये कतिपयले गरिरहेका छौं । यो समस्या मानवजातिले प्रकृति र पृथ्वीमाथि अत्यधिक शोषण अथवा दोहन गर्नुको परिणाम हो । त्यसैले, कोभिड– १९ रोग जुनसुकै बेला जुनसुकै समयमा तपाईं-हामी लगायत हाम्रो परिवारका सदस्यलाई समेत लाग्ने सम्भावना प्रबल छ ।

यस्तो संवेदनशील स्थितिमा हामी सबै सजग होऔं, सचेत रहौं, सामाजिक दुरी कायम गरौं, भीडभाड नगरौं, सरसफाइमा ध्यान दिऊँ, आत्मबल बलियो बनाऔं, सकारात्मक सोचको विकास गरौं र सन्तुलित भोजन गरौं । नियमित व्यायाम गरौं, आहार-विहार र व्यवहारमा सतर्कता अपनाऔं । यसरी, माथि उल्लेख गरिएका कुराहरू हामीले अक्षरशः परिपालना गर्दा मात्र पनि केही न केही राहत अवश्य हुन्छ र हामीभित्र रोगप्रतिरोधक क्षमताको विकास भई रोगसित लड्न सक्ने आत्मबल पैदा हुन्छ ।

विभिन्न माध्यमबाट हामीहरूमा यो महामारीको प्रकोप सर्न सक्छ । रोग लागि नै हालेमा आत्मबल दह्रो बनाई स्वास्थ्यकर्मीको निगरानीमा उपचारमा लागौं, अवश्य निको हुने छ । समाज, साथीभाई, छरछिमेक, परिवारलाई माया गरौं, सद्भाव देखाऔं । आत्मबल सृजना हुने खालका प्रेररणादायी कुराहरू रोगी वा सङ्क्रमित व्यक्तिलाई सुनाऔं किनभने जुनसुकै बेला पनि हामी लगायत हाम्रो परिवारका सदस्यलाई यो रोगको सङ्क्रमण देखिने प्रबल सम्भावना छ ।

कोहीकसैले पनि कोभिड– १९ सङ्क्रमित रोगीलाई छिःछिः र दुरदुर गर्ने, घृणा गर्ने नगरौं, हामी सभ्य मानव हौं । सबै एकदिन मरेर जाने हो, ढिलो र चाँडोको कुरा मात्र हो । सामाजिक सद्भाव कायम गरौं । बाँचुन्जेल सकारात्मक सोचका साथ बाँचौं । सानाठूला सबैसबै हाम्रा आफ्नै मानिस हुन् भन्ने सोचका साथ प्रत्येक नागरिक एवम् मानवले मानवीय व्यवहार गरौं, दानवीय व्यवहार होइन । यो सङ्कटको घडीमा हामी सबै एकजुट भएर कोभिड– १९ रोग न्यूनीकरण गर्नेतिर लागौं । यसको संयुक्त प्रतिरोध गरौं र विजयी बनौं ।

धन्यवाद !

दुर्ग बहादुर थापा
अध्यक्ष
देवघाट गाउँपालिका

दुर्ग बहादुर थापा
अध्यक्ष